# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१

(समितिबाट स्वीकृत मिति २०८१/०८/०६)

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ को नियम २७ बमोजिम परिषद्को रजिष्ट्रार नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय मन्त्रीस्तर) मिति २०८१।७।२१ को निर्णय अनुसार गठित सिफारिस समितिले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(१) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ सम्झनु पर्छ ।

(२) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ सम्झनु पर्छ ।

(३) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(४) "परिषद्" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् सम्झनु पर्छ ।

(५) "रजिष्ट्रार" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार सम्झनु पर्छ ।

(६) "निर्देशिका" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ सम्झनु पर्छ ।

(७) "समिति" भन्नाले "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार नियुक्तिको लागि गठित सिफारिस समिति सम्झनुपर्छ।

(८) "सूचना" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार पदमा नियुक्तिको लागि दरखास्त माग गरी समितिले नेपालको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको सूचना/विज्ञापन सम्झनु पर्छ ।

(९) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।